अनुसूची-२

दफा ४ तथा अनुसूची १ को भाग २ सँग सम्बन्धित

बर्दिबास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः- ९ संख्याः-७ मितिः-२०८३/०३/२५

भाग-२

बर्दिबास नगरपालिका

# बर्दिबास नगरपालिकाको बाल संरक्षण मापदण्ड, २०८३

**प्रस्तावना :**

बालबलिका विरुद्ध हुने हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारबाही गर्नको लागि बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ५७ र यस नगरपालिकाको बाल अधिकार तथा संरक्षण कार्यविधि,२०७८ को दफा ६ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी बर्दिवास नगरपालिकाले यो मापदण्ड बनाएको छ।

**परिच्छेद -१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो मापदण्डको नाम "बर्दिबास नगरपालिकाको बाल अधिकार संरक्षण मापदण्ड, २०८३" रहेको छ।

(२) यो मापदण्ड कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

(क) "अनुसन्धान" भन्नाले अधिकार प्राप्त निकायले गर्ने जाँचबुझ समबन्धी समग्र कार्य प्रक्रिया सम्झनु पर्छ।

(ख) "उजुरी" भन्नाले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धि घटनाबारे सम्बन्धित निकायमा लिखित वा मौखिकरुपमा जानकारी दिने कार्य सम्झनु पर्छ ।

(ग) "उजुरुकर्ता" भन्नले बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धि घटनाबारे सम्बन्धित निकायमा उजुरी दिने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(घ) "जाँचबुझ" भन्नाले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धि उजुरी परेपछि नगरपालिकाले तोकेको विज्ञ, पदाधिकारी, कर्मचारी शाखाबाट उक्त घटना सम्बन्धित सूचना एवम् प्रमाण सङ्कलन गरी प्राप्त निष्कर्षको आधारमा निर्णय गर्ने प्रक्रियालाई सहयोग गर्ने कार्य सम्झनु पर्छ ।

(ङ) "पीडित" भन्नाले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धि घटनाबाट पिडित वा प्रभावित बालबालिका सम्झनु पर्छ ।

(च) "पुनःस्थार्पना" भन्नाले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारबाट पिडित बालबालिकालाई सुरक्षीत बसोबास, आवश्यक सेवाको प्रबन्ध मनोसामाजिक उपचार तथा सक्षम वातावरण उपलब्ध गराई निजको आत्म-सम्मान, मर्यादा र सामाजिक हैसियत पुनः प्राप्ति गर्दै परिवार र समुदायमा पुनर्मिलन तथा एकीकरण वा घुलमिल हुन सघाउने बहु-आयामिक कार्य सम्झनु पर्छ।

(छ) "बालबालिकाको खोजतलास सेवा" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ८९ बमोजिमको सेवा सम्झनु पर्छ ।

(ज) "बालबालिका विरुद्ध हिंसा" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (२) र अन्य प्रचलित कानून बमोजिमको हिंसाको कार्य सम्झनु पर्छ र सो शब्दले यस्तो प्रकारको हिंसाको जोखिममा रहेका बालबालिका समेतलाई जनाउँछ ।

(झ) "बाल यौन दुर्व्यवहार" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ को उपदफा (३) र अन्य प्रचलित कानून बमोजिमको दुर्व्यवहारको कार्य सम्झनु पर्छ र सो शब्दले यस्तो प्रकारको दुर्व्यवहारको जोखिममा रहेका बालबालिका समेतलाई जनाउँछ ।

(ञ) "बाल हेल्पलाइन सेवा" भन्नाले बालबालिका सम्बन्धि नियमावली, २०७८ को नियम ९० बमोजिमको सेवा सम्झनु पर्छ।

(ट) "सम्बन्धित व्यक्ति" भन्नाले नगरपालिकाले छोटो वा लामो समयका लागि वा कुनै कार्यक्रम वा परियोजना अवधिभरका लागि सम्झौता गरी नियुक्ति गरेका कर्मचारी, परामर्शदाता, स्वयम् सेवक, इन्टरनेट तथा सोधकर्ता, ठेकेदार, सेवा प्रदायक, आपूर्तिकर्ता, अनुसन्धानकर्ता, तालीम सहजकर्ता, अनुगमन/मूल्याङ्कनकर्ता, आगन्तुक लगायतका व्यक्ति सम्झनु पर्छ ।

(ठ) "साझेदार" भन्नाले नगरपालिकासँग कुनै कार्यक्रम, परियोजना, अभियानमा साझेदारी गर्ने निकाय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, विकास साझेदार, सामुदयिक संगठन, सञ्जाल, विद्यालय लगायत सम्झनु पर्छ ।

(ड) "साक्षि वा प्रत्यक्षदर्शी" भन्नाले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धी घटना घटेको देखेको, सुनेको तथा त्यस्तो घटनाबारे पूरा वा आंशिक जानकारी दिनसक्ने व्यक्ति सम्झनु पर्छ।

(ढ) "न्यायिक निकाय" भन्नाले प्रचलित कानुन बमोजिम न्याय सम्पादनका लागि स्थापित निकाय सम्झनु पर्छ।र सो शब्दले अपराधको अनुसन्धान गर्ने, अभियोजन गर्ने र न्याय निरुपण गर्ने न्यायिक निकाय, अर्ध न्यायिक निकायलाई समेत जनाउँछ।

(ण) "संरक्षक" भन्नाले बालबालिकाको वैकल्पिक हेरचाह सेवा प्रदान गर्न प्रचलित कानुन बमोजिम नियुक्ति गरिएको वा तोकिएको व्यक्ति वा संस्था सम्झनु पर्छ।

## परिच्छेद – २
## उद्देश्य,सिद्धान्त तथा लक्षित समूह

**३.उद्देश्यः यस मापदण्डका उद्देश्य देहाय बमोजिम रहने छन्ः-**

(क) बालबालिका विरुद्ध हिंसा वा बाल यौनदुर्व्यवहारको जोखिम पहिचान तथा रोकथाम गर्नु,

(ख) बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको उजुरी, तथा तत्काल कारबाहीको लागि प्रभावकारी संस्थागत संयन्त्र बनाउनु,

(ग बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबाट पिडित वा प्रभावित बालबालिकाको संरक्षण गर्ने गराउने,

(घ) नगरपालिकाको संस्थागत तहमा बाल संरक्षण सुनिश्चित गर्नका लागि कार्य एवम् प्रक्रिया अवलम्वन गर्नु,

**४. सिद्धान्त : बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम तथा तत्काल कारबाही**

**गर्दा देहायका सिद्धान्तहरु अबलम्बन गरिनेछन्:-**

**(क) बालबालिकाको सर्वोत्तम हित**: बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथामको कार्य गर्दा, उजुरी लिदाँ, तत्काल कारबाही गर्दा र बालबालिकाको उद्धार, संरक्षण, पुनर्मिलन एवं पुन:स्थार्पना लगायतका बाल संरक्षण कार्य गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिने,

**(ख) विभेदरहितताः** बाल संरक्षण कार्य गर्दा कुनै बालबालिकालाई निज, निजको परिवारको धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, संस्कार, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारीवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने,

**(ग) शून्य सहनशीलताः** कुनै पनि व्यक्तिबाट हुने बालबालिका विरुद्धको हिंसा, बाल यौन दुर्व्यवहार तथा शोषण लगायतका हानि विरुद्ध शून्य सहनशीलताको सिद्दान्त अनुरूप कारबाही गर्ने,

**(घ) गोपनीयताको हकः** बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको उजुरी लिंँदा, तत्काल कारबाही गर्दा र बालबालिकाको उद्धार, संरक्षण, पुनर्मिलन एवम् पुनःस्थार्पना लगायतका बाल संरक्षण कार्य गर्दा प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्ने,

**(ङ) बालबालिकाको विचार र भावनाको कदरः** बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्वयवहार लगायतका हानि विरुद्ध बाल संरक्षण कार्य गर्दा पीडित वा प्रभावित बालबालिकालाई विचार अभिव्यक्त गर्न दिने र व्यक्त विचारको निजको बढ्दो उमेर एवम् परिपक्वता अनुरूप उचित कदर गर्ने,

**(च) आधारभूत सेवाको प्रत्याभूतिः** बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबाट पीडित बालबालिकालाई उद्दार, संरक्षण एवम् पुनःस्थार्पना गर्दा आवश्यक पर्ने स्वास्थ्य, अस्थायी संरक्षण सेवा वा सुरक्षित बसोबास, मनोविमर्श, कानूनी सेवा लगायत आधारभूत सेवाको प्रत्याभूत गर्ने,

**(छ) बालमैत्री व्यवहारः** बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानिबाट पीडित बालबालिकाको उद्दार, संरक्षण एवम् पुनःस्थार्पना लगायतका बाल संरक्षण कार्य गर्दा बालमैत्री व्यवहार गर्ने,

**(ज) सम्बन्धित क्षेत्रसंगको समन्वय र सहकार्यः** बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम, तत्काल कारवाही र पीडित बालबालिकाको उद्दार, संरक्षण एवम् पुनःस्थार्पना लगायतका बाल संरक्षण कार्य गर्दा राज्यका निकाय, सेवा प्रदायक तथा अन्य सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।

**५. <u>मापदण्ड लागू हुने :</u>** यो मापदण्ड देहाय बमोजिमका व्यक्ति, संस्था तथा निकायको हकमा लागू हुनेछः-

(क) बर्दिबास नगरपालिका र मातहतका सम्पुर्ण कर्मचारी र पदाधिकारी,

(ख) बर्दिबास नगरपालिकाले गठन गरेको वा गठन हुने समिति उप समिति वा कार्यटोलिका पदाधिकारी, सदस्य तथा मनोनयन वा नियुक्त गरेका बाल अधिकार विज्ञ/विशेषज्ञ,

(ग) नगरपालिकासँग सम्बद्ध व्यक्ति तथा समन्वय, सहयोग, सहजिकरण, सहकार्य र साझेदारीमा आवद्ध

सरकारी तथा गैरसरकारी निकाय तथा संघ, संस्था र सञ्जाल, विकास साझेदार, नगरबाट सेवा सञ्चालन अनुमति प्राप्त वा नगरमा सूचीकृत सेवा प्रदायक संस्था, केन्द्रका पदाधिकारी, सदस्य तथा कर्मचारी ।

## <u>परिच्छेद -३</u>

## <u>बालबालिकासँग गर्ननहुने कार्य, जोखिमको लेखाजोखा र बाल संरक्षण सुनिश्चित गर्ने उपाय</u>

६. <u>बालबालिकासँग गर्न नहुने कार्य :</u> **(१) बालबालिकासँग देहाय बमोजिमका कार्य तथा व्यवहार गर्न, गराउन हुदैनः-**

**(क) भेदभाव गर्न नहुनेः** बालबालिकाको उमेर, वर्ग, जात, जातियता, सम्प्रदाय, भौगोलिक अवस्थिति, धर्म, लिङ्ग, रंग, शारीरिक, मानसिक तथा आर्थिक अवस्थाको आधारमा भेदभाव जन्य हुने बोली, व्यवहार, कार्य एवं गतिविधि गर्न गराउन,

**<u>स्पष्टीकरण</u>** : पीछडिएका, सीमान्तकृत समूह, बहीष्करणमा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अवस्थामा सुधार गर्न गरिएका सकारात्मक एवम् विशिष्ट उद्देश्यका आयोजना, परियोजना तथा कार्यक्रम कार्यान्वयन गर्नुलाई भेदभाव मानिने छैन ।

**(ख) निन्दा तथा कलंकित पार्न नहुनेः** (१) बालबालिकालाई दोषारोपण गर्न, होच्याउन, निन्दा गर्न, कलंकित गर्न वा अपहेलित तुल्याउन, कमजोर ठान्न तथा लाञ्छना लगाउन,

**(ग) सामाजिक सञ्जाल, आमसञ्चारका माध्यम, वेवसाइट, लिखित तथा दस्तावेजमा बालबालिकाको व्यक्तिगत परिचय खुल्ने गरी रेखाचित्र, तस्वीर, श्रव्यदृश्य सामग्री सम्प्रेषण गरी निज तथा निजको परिवारलाई जोखिममा पार्न तथा लज्जित एवम् कलंकित बनाउन,**

**(घ) बालबालिका विरुद्ध हिंसा गर्न नहुनेः** बालबालिका विरुद्ध हुने शारीरिक, मानसिक, यौनजन्य तथा मनोवैज्ञानिक हिंसा गर्न र त्यस्तो हिंसाका लागि दुरुत्साहन गर्ने एवम् उत्तेजित पार्ने खालको बोलि, व्यवहार, क्रियाकलाप तथा कार्य गर्न गराउन,

**(ङ) दुर्व्यवहार गर्न नहुनेः** (१) बालबालिका तथा निजको परिवारको आत्म-सम्मान, मर्यादा र सामाजिक हैसियतमा नकारात्मक असर पर्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्न गराउन,

(२) बालबालिकालाई शारीरिक चोट पटक वा असर पुर्याउन, आतङ्कित पार्न वा धम्क्याउन, तिरस्कार, उपेक्षा, बहिष्कार वा घृणा गर्न, एक्ल्याउन वा मानसिक पीडा दिन,

(३) बालबालिकासंग यौन आशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्न,

(४) बालबालिकासँग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्न वा यौन सम्पर्क गर्न,

**(च) शोषण गर्न नहुनेः** (१) बालबालिकालाई प्रचलित कानून विपरीत बाल श्रममा लगाउन र निजको क्षमताभन्दा बढी काम लगाउन,

(२) आर्थिक लाभ लिने उद्देश्यले बालबालिकाको रचना, कलाकृति, प्रतिभाको दुरूपयोग गर्न, गराउन,

(३) बालबालिकाको व्यक्तिगत विवरण, फोटो, भिडियोको दुरुपयोग गरी निजको शोषण गर्न, गराउन, (४) आर्थिक प्रलोभन देखाई बालबालिकालाई अनुसन्धान प्रक्रियामा गणकको रूपमा प्रयोग गर्न र आर्थिक लाभ लिई निजको घटना विवरण कसैलाई दिन वा प्रकाशन गर्न, गराउन,

(५) नाफा कमाउने उद्देश्यले बालबालिकालाई कुनै विशेष उत्पादन खपत गर्न, बाध्य पार्न,

<u>स्पष्टीकरण</u> : कुनै कार्यक्रम विशेषमा बालबालिका तथा निजको परिवारलाई रसद तथा सामग्री प्रदान गर्न बाधा पुर्याएको मानिने छैन ।

**(छ) थप जोखिममा पार्न, हानि पुर्याउन तथा पुनःपीडित बनाउन नहुनेः** बालबालिकालाई थप जोखिममा पार्न, हिंसा, दुर्व्यवहार तथा शोषण पुनःपीडित हनुसक्ने अवस्था, क्रियाकलाप, गतिविधि गर्न, गराउन,

**(ज) वेवास्ता गर्न नहुनेः** (१) बालबालिकालाई वेवास्ता गरी निजलाई जोखिममा पर्न दिन तथा पीडित हुन दिन,

(२) बालबालिका वेवास्तामा परेको, जोखिममा रहको तथा पीडित हुनसक्ने अवस्थाबारे जानकारी पाउनेले सम्बन्धित निकायमा तुरून्त खबर नगरी त्यसै बस्न,

**(झ) अलग गर्न वा वञ्चितिकरण गर्न नहुनेः** (१) बालबालिकालाई निजको सर्वोत्तम हितको लागि प्रचिलित कानून बमोजिम अख्तियार प्राप्त अधिकारीले बाहेक निजको परिवार, समुदाय तथा निजका दाजुभाई दिदीबहिनिबाट अलग गर्न गराउन,

(२) बालबालिकालाई खाना,लुगाकपडा, सुरक्षित आवास,शिक्षा, स्वास्थ्य, पोषण,सरसफाई, प्राथमिक उपचार सेवा तथा न्यायमा पहुँच बनाउन तथा त्यसबारे जानकारी पाउनबाट बञ्चित गर्न, गराउन,

(३) बालबालिकालाई परिवारसँग सम्पर्क राख्न, सहभागि हुन, फुर्सदको समयमा उमेर अनुसार खेल्न तथा मनोरञ्जनबाट बञ्चित गर्न गराउन,

**(ञ) गैरकानूनी कार्य गर्न नहुनेः** (१) बालबालिका सम्बन्धि प्रचलित राष्ट्रिय कानून, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय महासन्धिले वर्जिता गरेका, समदुायको परम्परागत मूल्य मान्यताले स्वीकार नगर्ने बोली, व्यवहार तथा कार्य गर्न, गराउन,

(२) बालबालिकालाई कसुरजन्य कार्य गर्न सिकाउन, तालीम दिन वा त्यस्तो कार्यमा लगाउन,

(३) बालबालिकालाई धुम्रपान, मद्यपान, वा जुवा तास जस्ता कूलतमा संलग्न गराउन,

(४) प्रचलित कानून एवम् सामाजिक मूल्य-मान्यताविरूद्ध लाग्न, द्वन्द्वमा समावेश हुन, हातहतियार एवम् कानूनले निषेध गरेका मालसामान ओसारपसार गर्न बालबालिकालाई दुरूत्साहन गर्ने खालका व्यवहार गर्न र त्यस्तो सूचना प्रवाह गर्न गराउन ।

(२) यस मापदण्डको दफा ५ मा उल्लिखित नगरपालिका अन्तर्गतका पदाधिकारी, कर्मचारी, नगरपालिकासंग सम्बन्धित व्यक्ति, निकाय तथा संस्थाले उपदफा (१) को व्यवस्थाका साथै यस मापदण्डको अनुसूची -१ बमोजिमको आचारसंहिता पालना गर्नु पर्नेछ ।

(३) यस मापदण्डको दफा ५ मा उल्लेखित नगरपालिकासंग सम्बन्धित व्यक्ति, निकाय तथा संस्थाले उपदफा (२) बमोजिम अनुसूची -१ को आचार संहिता पढीबुझि सहिछाप गरी नगरपालिकालाई

बुझाउनु पर्नेछ र त्यसलाई नगरपालिकाको अभिलेखमा दुरुस्त राख्नु पर्नेछ ।

७. <u>**जोखिम लेखाजोखा तथा संरक्षणका उपाय अपनाउन पर्ने**</u> :(१) बालबालिकाको संरक्षण सुनिश्चित गर्न देहायबमोजिम जोखिम उपाय लेखाजोखा तथा संरक्षण अपनाउनु पर्नेछः-

(क) बालबालिका सहभागि हुने कार्यक्रम संचालन हुने स्थान तथा समय बाल संरक्षण तथा सुरक्षाको दृष्टिकोणले उपयुक्त छ छैन सो को लेखाजोखा गर्नु पर्छ,

(ख) बालबालिका सहभागि हुने कार्यक्रम स्थलमा आपत्कालीन सेवा, प्राथमिक उपचार लगायतका सेवा, सुविधा उपलब्ध भए नभएको यकीन गर्नु पर्छ,

(ग) बालबालिकालाई आफूले बसोबास गरिरहेको थातथलोभन्दा अन्यत्र लामो दूरीको यात्रा गरी कार्यक्रममा सहभागि गराउँदा सामुहिक दुर्घटना विमा गर्नु पर्छ,

(घ) बालबालिकालाई आफ्नो जिल्ला भन्दा बाहिर राति बास बस्नु पर्ने गरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागी गराउदा सकभर समान लिङ्गीय वयस्क संरक्षको व्यवस्था मिलाउनु पर्छ,

(ङ) बालबालिकालाई आफ्नो जिल्लाभन्दा बाहिर राति बास बस्नु पर्नेगरी आवासीय वा गैरआवासीय कार्यक्रममा सहभागि गराउँदा निज र निजका आमाबाबु, अभिभावक वा परिवारका अन्य सदस्य वा संरक्षकलाई पूर्व जानकारी दिई सुसूचित सहमति लिनु पर्छ,

(च) कार्यक्रम अवधिभर बालबालिकाको आत्म-सम्मान, मर्यादा, शारीरिक, सामाजिक, सास्कृतिक, भावनात्मक, मनोवैज्ञानिक, धार्मिक आस्थामा नकारात्मक असर पर्ने खालका बोली, व्यवहार, क्रियाकलाप तथा कार्य गर्नु, गराउन हुँदैन,

(२) जोखिमको लेखाजोखा तथा सुरक्षा जाँचको क्रममा बालबालिका विरूद्ध कुनै जोखिमको पहिचान भएमा न्यूनीकरणको उपायका साथ सम्बन्धित पदाधिकारी, कर्मचारी तथा शाखामा तुरुन्त जानकारी गराउनु पर्छ ।

(३) नगरपालिकाको कुनै पनि शाखाबाट बालबालिका सम्बन्धि कुनै कार्यक्रम कार्यान्वयनका क्रममा जोखिम लेखाजोखा तथा सुरक्षा जाँचका विधिको प्रयोग नगरेको पाइएमा यस मापदण्ड बमोजिम वेवास्ता वा अवज्ञा मानिनेछ र आवश्यक कारबाही गरीनेछ।

८. <u>**बालबालिकाको गोपनीयता कायम गर्नु पर्ने**</u> **:(१) बालबालिकासँग काम गर्दा गोपनीयता कायम गर्न देहाय बमोजिम कार्य गर्नु पर्नेछः-**

(क) बालबालिकालाई ग्लानी हुने, लाज हुने तथा अप्ठ्यारो महशसु हुने खालका व्यक्तिगत विवरण, कथा, तस्वीर, भिडयो, श्रव्यदृश्य सामग्री तथा पहिचान खुल्ने अन्य कुनै सूचना जानकारी सङ्कलन गर्दा निज र निजका बाबुआमा, अभिभावक वा परिवारका अन्य वयस्क सदस्य वा संरक्षकलाई पूर्व जानकारी दिइ सुसूचित सहमति लिनु पर्नेछ,

(ख) खण्ड (क) बमोजिमको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने सूचना जनकारी प्रचलित कानून बमोजिम गोप्य राख्नु पर्नेछ र सावजनिक गर्नु गराउनु हुँदैन,

(ग) एउटा प्रयोजनका लागि सङ्कलन गरिएको बालबालिकाको व्यक्तिगत विवरण तथा पहिचान खुल्ने

सूचना जानकारी अन्य प्रयोजनका लागि कदापि प्रयोग गर्नु हुँदैन,
(घ) बालबालिकालाई थप जोखिम तथा हानि हुनेगरी कुनै पनि सूचना जानकारी बताउन वा सार्वजनिक गर्न दबाब दिने, प्रलोभनमा पार्ने, शक्ति प्रदर्शन गर्ने, अनावश्यक रूपमा दुरूत्साहित गर्ने कार्य गर्न गराउनु हुँदैन ।
(२) प्रचलित कानून बमोजिम उजुरी सनुवाई, जाँचबझु, अभियोजन अनुसन्धान तथा मुद्धा चलाउने लगायतको उजुरी सम्बन्धी सम्पूर्ण प्रक्रियामा पीडित, साक्षी, प्रत्यक्षदर्शी तथा उनीहरूको परिवार एवम् कसूरको आरोप लागेका बालबालिकाको समेत गोपनीयताको सम्मान गर्नु पर्नेछ ।
(३) उपदफा (२) बमोजिम गोपनीयता कायम गर्दा देहायका कार्य गर्नु पर्नेछः-
(क) गोपनीयता कायम गर्नका लागि घटनालाई सांकेतिक कोड प्रयोग गर्ने जस्तै XXX घटनाको पीडित, XXX घटनाको आरोपी,
(ख) न्यायिक निकायबाट अन्तिम निर्णय नभएसम्म घटनाको बारेमा संचार माध्यम तथा अन्य व्यक्तिलाई जानकारी दिनु हुँदैन,
(ग) न्यायिक निकायबाट अन्तिम निर्णय प्राप्त भएपाछि समेत पिडितको पहिचान खुल्ने व्यक्तिगत विवरण लिखत तथा मौखित रुपमा सार्वजनिक गर्नु हुँदैन,
(घ) उजुरी सुनाईको प्रतिक्रियामा उजुरीकर्ता, अनुसन्धानकर्ता, साक्षी, प्रत्यक्षदर्शी तथा न्याय निरुपणमा संलग्न अधिकारी लगायतले आफूलाई थाहा भएको बालबालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत विवरण गोप्य राख्नु पर्नेछ,
(ङ) पीडित बालबालिका तथा निजको परिवारलाई सेवा, सुविधा प्रदान गर्दा तथा तथा बालबालिकाको पुनर्मिलन, पुनः एकीकरण, पुनःस्थार्पना गर्दा, गराउँदा पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको विवरण गोप्य राख्नु पर्नेछ,
(च) बालबालिकाको सुरक्षा र बाल संरक्षणबारे सचेतना अभिवृद्धि गर्न तथा उजुरी गर्न प्रेरित गर्ने उद्देश्यले बालबालिका विरूद्धको हिंसा वा बाल यौन दुर्व्यावहार लगायतका हानिका घटनाबारे बालबालिकाको उमेर र लिङ्ग मात्र खुलाएर जानकारी दिनु पर्नेछ,
(छ) माथि खण्ड (च) मा जुनसुकै कुरा लेखिएको भए तापनि बालबालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको विवरण भने सार्वजनिक गर्न गराउन हुदैन,
(ज) पीडित बालबालिकालाई शिक्षा, स्वास्थ्य, कानूनी सहयोग/परामर्श, मनोसामाजिक सहयोग, जिवनोपयोगी सीपका लागि र निजको परिवारलाई अत्यावश्यक सेवाको प्रबन्ध गर्दा तथा सोका लागि सिफारिस गर्दा घटनाबारे आवश्यक मात्र जानकारी दिनु पर्नेछ,
(झ) माथि खण्ड (ज) बमोजिम आफूलाई प्राप्त बालबालिकाको पहिचान खुल्ने तथा व्यक्तिगत प्रकृतिको सूचना जानकारीको गोपनीयता कायम गर्न सेवा प्रदायक निकाय तथा संस्थालाई सिफारिस पत्रमा नै उल्लेख गर्नु पर्नेछ,
(ञ) माथि खण्ड (ज) बमोजिमका बालबालिका सेवाका लागि सिफारिस गर्दा "अन्त्यमा जोखिममा रहेका

र पहिचान गोप्य राख्नुपर्ने" भनी उल्लेख गर्ने पर्नेछ ।

## परिच्छेद -४

## बालबालिका विरूद्ध हिंसा र बाल यौन दुर्व्यावहारको उजुरी तथा तत्काल कारबाही प्रक्रिया

९. बाल संरक्षण मापदण्ड कार्यान्वयन :

(१) नगरपालिका तथा पालिकामा संलग्न र सम्बद्ध कार्यास्थल, स्थान तथा क्षेत्र र कार्यक्रममा बालबालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, बालबालिकाको संरक्षण सुनिश्चित गर्ने, उजुरीको तत्काल छानबिन एवम् कारबाही गर्न गराउन पालिकामा देहायको एक बाल संरक्षण मापदण्ड कार्यान्वयन समिति रहनेछ।

बाल संरक्षण मापदण्ड कार्यान्वयन समिति

(क) नगरको सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) -संयोजक

(ख) प्रशासन शाखा प्रमुख/सूचना अधिकारी -सदस्य

(ग) बाल कल्याण अधिकारी -सदस्य-सचिव

(२) उपदफा (१) बमोजिमको समितिमा कम्तीमा एकजना महिला कर्मचारीको प्रतिनिधित्व भएको हुनु पर्ने छ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) मा उल्लेखित बाल संरक्षण मापदण्ड कार्यन्वयन समिति पदाधिकारी, नगर पालिकासंग सम्बन्धित व्यक्तिहरुले बालबालिका विरुद्धको हिसां वा बाल यौन दुर्व्यवहारको कार्यमा संलग्न भएको पाइएमा वा सो सम्बन्धी सूचना वा जानकारी वा उजुरी नगरपालिकामा परेको खण्डमा नगरले तोकेको व्यक्ति संयोजक र निजले नै तोकेका अन्य दुई जना सदस्य रहने गरी बाल संरक्षण मापदण्ड विशेष कार्यन्वयन समिति गठन गरी यस मापदण्ड बमोजिमको कारबाही गरेर प्रचलित कानुन बमोजिमको कारबाहीका लागि सम्बन्धित निकायमा यथाशिघ्र सिफारिस गर्न सक्नेछ।

१०. बाल संरक्षाण मापदण्ड कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार :

(१) यस मापदण्डमा अन्यत्र उल्लेख गरीएको अतिरिक्त बाल संरक्षण मापदण्ड कार्यान्वयन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नगरपालिकाको बाल संरक्षण मापदण्डको कार्यान्वयन गर्न गराउन आवश्यक समन्वय, रेखदेख, तथा अनुगमन गर्ने गराउने,

(ख) यस मापदण्डको दफा ५ बमोजिमका नगरपालिका संग सम्बन्धित व्यक्ति संस्था तथा निकायसँग सम्बद्ध व्यक्तिलाई बाल संरक्षण मापदण्ड सम्बन्धि तालीम अभिमुखिकरण गरी सचेतना एवं क्षमता अभिवृद्धि गर्ने, गराउने,

(ग) बाल संरक्षण मापदण्ड बमोजिम बालबालिका तथा अन्य सम्बन्धित व्यक्तिको उजुरी लिने र त्यस्तो उजुरीलाई तत्काल छानबिन गरी यथाशीघ्र कारबाही गर्न गराउन आवश्यक प्रक्रिया अगाडि बढाउने,

(घ) माथि बुँदा (ग) बमोजिमको प्रक्रिया अगाडि बढाउँदा समितिको बैठक बोलाई निर्णय भए बमोजिमको प्रक्रिया अनुसार गर्ने, गराउने र सोको गोपनियता कायम गर्ने गराउने,
(ङ) घटनाको प्रकृति तथा समितिको प्रारम्भिक छानविनको निष्कर्ष मुताविक आरोपित व्यक्तिसंग स्पष्टीकरण लिने र आन्तरीक कारबाहिका लागि सदस्य सचिव समक्ष सिफारिस गर्ने,
(च) समितिको प्ररम्भिक छानविनले आएको उजुरी प्रचलित कानून बमोजिम कसूर ठहरिने प्रकृतिको भएमा सम्बन्धित निकायमा सिफारिस गर्न सदस्य-सचिव समक्ष पेश गर्ने,
(छ) पीडित बालबालिका तथा निजको परिवारलाई आवश्यक सेवा, सुविधा तथा सहयोग उपलब्ध गराउन सरकारी निकाय, सेवा प्रदायक तथा संस्थासँग समन्वय एवम् सहकार्य गर्ने,
(ज) यस मापदण्डको कार्यान्वयन, मापदण्ड बमोजिम भए गरिएका कार्य, प्रगति तथा सिकाइबारे अनुगमन एवम् मूल्याङ्कन गरी वार्षिक रूपमा प्रतिवेदन तयार गरी नगर कार्यपालिकामा पेश गर्ने ।
(२) समिति आफ्नो कामको लागि नगरपालिकाप्रति उत्तरदायी हुनेछ ।

११. <u>उजुरी तथा सञ्चार :</u> (१) नगरपालिका पदाधिकारी, कर्मचारी, नगरपालिकासंग सम्बन्धित कुनै व्यक्ति, निकाय, संस्था, साझेदारले बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका कसूर गरेको आशंका भएमा बाल संरक्षण सम्पर्क व्यक्ति (बाल कल्याण अधिकारी) वा बाल संरक्षण शाखामा तुरून्त कुनै पनि माध्यमबाट मौखिक वा लिखित उजुरी दिनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त गरेपछि बाल कल्याण अधिकारी वा बाल संरक्षण शाखाले त्यसलाई रजिष्टरमा अभिलेखिकरण गर्नु पर्नेछ ।
(३) उपदफा (२) बमोजिमको रजिष्टरमा उजुरी वा निवेदन परेको मिति, समय, स्थान, उजुरीकर्ता (व्यक्ति वा संस्था) को विवरण, शंकास्पद वा आरोपित व्यक्ति, पीडित तथा कारबाहीको अवस्था लगायतको जानकारी समावेश गर्नु पर्नेछ ।
(४) उजुरी वा निवेदन लिखित वा मौखित रूपमा प्राप्त नभएमा बाल कल्याण अधिकारी वा शाखाले प्रतिकार्य गर्न बाध्य पारिएको मानिने छैन ।
१२. <u>उजुरीको तत्काल कारबाही प्रक्रिया</u> :(१) बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार सम्बन्धि उजुरी, आरोप तथा पहिचानको तत्काल कारबाही गर्न गराउन नगरका पदाधिकारी, कर्मचारी, नगरपालिकासंग सम्बन्धित व्यक्ति वा निकाय तथा संस्थाले देहाय बमोजिम बाल संरक्षण सम्बन्धि सवाल वा सरोकार सम्बन्धि उजुरीको तत्काल कारबाही गर्नु पर्नेछः-
(क) नगरपालिकाले सञ्चालन गरेका कुनै पनि कार्यक्रमका सहभागि बालबालिका, अभिभावक, शिक्षक, सामुदायका व्यक्ति वा अन्य जो कोहीबाट प्राप्त उजुरी,
(ख) नगरपालिका पदाधिकारी, कर्मचारी तथा आगन्तुकबाट प्राप्त उजुरी,
(ग) साझेदार संस्था तथा विकास साझेदारबाट प्राप्त उजुरी,
(घ) समुदायका बाल संरक्षण सम्बन्धि सवालबारे आमसञ्चार (समाजिक सञ्जाल समेत) का माध्यमबाट

प्राप्त सूचना जानकारी,
(२) उजुरीका प्रकार, कारबाहीको जिम्मेवारी तथा कारबाहीका विधिहरूः-
(क) यस मापदण्डको दफा ५ बमोजिमका नगपालिकासंग सम्बन्धित व्यक्ति तथा पदाधिकारीका विरूद्ध आएको उजुरीलाई तत्काल कारबाही गर्नु नगरपालिकाको जिम्मेवारी हुनेछ ।
(ख) माथि खण्ड (क) बमोजिमको उजुरीको तत्काल कारबाही गर्दा देहाय बमोजिमको चरण एवम् प्रक्रिया अवलम्बन गरिनेछः-
(१) उजुरी प्राप्त गर्ने र सोको अभिलेखिकरण गर्ने,
(२) उजुरीबारे थप जानकारी लिने (उजुरीकर्तासंग सम्पर्क, आरोपबारे प्रारम्भिक जानकारी सङ्कलन, सम्भाव्य कारबाहीको पहिचान, उजुरीकर्ताको सहमति),
(३) एक हप्ताभित्र आन्तरिक रूपमा समिति वा अधिकार प्राप्त अधिकारी वा निकायबाट आरोपबारे प्रारम्भिक अनुसन्धान गर्ने गराउने,
(४) यदि उजुरीको शङ्का आरोप प्रमाणित हुने प्रमाण तथा आधारहरू फेला परेमा वा प्रचलित कानून बमोजिम बालबालिका विरुद्धको कसूर ठहरिने प्रकृतिका घटनामा प्रहरी कार्यालयमा कारबाहीको लागि सिफारिस गर्ने,
(५) पीडित बालबालिका तथा निजको परिवारलाई स्वास्थ्य, कानूनी, मनोविमर्श, मानवीय तथा अन्य संरक्षण सहयोग प्रदान गर्ने,
(६) आरोपित व्यक्तिलाई पद तथा जिम्मेवारीबाट निलम्बन गर्ने,
(७) पीडितलाई घरपरिवार वा समुदायबाट अलग गरी सेवा दिनु पर्ने भएमा त्यसको व्यवस्था गर्न सहजिकरण गर्ने र पुनःस्थार्पना केन्द्रमा पठाउने,
(८) घरपरिवार तथा समुदायमा पुनर्मिलन तथा पुनःस्थार्पना नहुञ्जेलसम्म पीडित र निजको परिवारको अनुगमन तथा आवश्यक सहयोगका लागि सहजिकरण गर्ने ।
(ग) नगरपालिका मातहतका विभिन्न कार्यालय, विद्यालय, समुदाय,संघ संस्था, स्थानीय तहमा बालबालिका विरुद्द हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका घटना भएमा सो निकायको बाल **संरक्षण मापदण्ड बमोजिम तत्काल कारबाही हुन नसकेर त्यस्ता घटनाको उजुरी आएमा सोको तत्काल कारबाहीका लागि देहाय बमोजिमका चरण एवम् प्रक्रिया अवलम्बन गर्नु पर्नेछः-**
(१) नगरपालिकामा उजुरी प्राप्त गर्ने र अभिलेखिकरण गर्ने,
(२) उजुरीबारे थप जानकारी लिने (उजुरीकर्तासंग सम्पर्क, आरोपबारे प्रारम्भिक जानकारी सङ्कलन, सम्भाव्य कारबाहीको पहिचान, उजुरीकर्ताको सहमति),
(३) सेवा प्रदायक निकाय एवम् बाल संरक्षणको सवालमा काम गर्न चाहने संघ संस्थाबाट आवश्यक सहयोगको खोजि गर्ने र व्यवस्था मिलाउने,
(४) पीडित बालबालिका तथा निजको परिवारलाई स्वास्थ्य, कानूनी, मनोविमर्श, मानवीय तथा अन्य बाल संरक्षण सहयोगका लागि समन्वय र सहजिकरण गर्ने,

(५) पीडितलाई घर परिवार वा समुदायबाट अलग गरी सेवा दिनु पर्ने भएमा त्यसको व्यवस्था गर्न सहजिकरण गर्ने र पुनःस्थार्पना केन्द्रमा पठाउन सहजिकरण गर्ने,

(६) परिवार तथा समुदायमा पुनर्मिलन तथा पुनःस्थार्पना नहुञ्जेलसम्म पीडित र निजको परिवारको अनुगमन तथा आवश्यक सहयोगका लागि सहजिकरण गर्ने, गराउने ।

(७) बालबालिका विरुद्धको कसूरको उजुरीमाथि भएको कारबाहीको प्रतिवेदन बाल कल्याण अधिकारी वा शाखाले नगरकार्यपालिकामा प्रत्येक वर्ष पेश गर्नु पर्नेछ ।

## परिच्छेद -५

## विविध

१३. **व्याख्या गर्ने र बाधा अड्काउ फुकाउने अधिकार** : (१) यस मापदण्डको कुनै व्यवस्थाको थप व्याख्या गर्नुपर्ने भएमा त्यस्तो व्याख्या गर्ने अधिकार नगरकार्यपालिकाको हुनेछ ।

(२) यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा नगरकार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. **संशोधन गर्न सक्ने** :यस मापदण्डलाई आवश्यकतानुसार नगरकार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

१५. **सबैको कर्तव्य हुने** : यस मापदण्डको पालना गर्नु यसै मापदण्डको दफा ५ बमोजिमका सबैको कर्तव्य हुनेछ ।

**१६. नमूना मापदण्डका रुपमा लागू गर्न सकिने** : बालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ५७ बमोजिमको मापदण्ड निर्माण गरी लागू गर्नु पर्ने निकाय तथा संस्थाहरु विशेष गरी विद्यालय, बालबालिकासंग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय, तथा निजि क्षेत्र एवम् सामाजिक संस्थाले यस मापदण्डलाई आफ्नो संस्था तथा निकायको संस्थागत तहमा बाल संरक्षण मापदण्ड निर्माण गर्ने क्रममा नमूना मापदण्डका रुपमा लिई निर्माण तथा लागू गर्न सक्नेछन् ।

## अनुसूची -१

(दफा ६ को उपदफा (२) र (३)संग सम्बन्धित)

**बाल संरक्षण सुनिश्चितताका लागि पालना गर्नु पर्ने आचारसंहिता**

बर्दिबास नगरपालिकाको बाल संरक्षण मापदण्ड, २०८३ बमोजिमः (क) नगरका जनप्रतिनिधि, कर्मचारी, विभिन्न् समिति उपसमिति, परामर्शदाता, (ख) नगरपालिकासंग समन्वय तथा साझेदारीमा कार्य गर्ने निकाय तथा संस्थाका पदाधिकारी तथा कर्मचारी, (ग) नगरपालिकासंग सहकार्य गर्ने सेवा प्रदायक निकाय तथा संस्थाको प्रमुख वा पदाधिकारी वा कर्मचारीको रूपमा देहाय बमोजिमको आचारसंहिता पालना गर्न म (व्यक्तिको नाम) ............... ............... ..................... प्रतिबद्ध भई प्रस्तुत आचारसंहिता पढी बुझी सहीछाप गरी एकप्रति नगरपालिकामा बुझाएँ ।

**१ बर्दिबास नगरपालिकाको बाल संरक्षण मापदण्ड, २०८३ र बाल संरक्षण सम्बन्धि प्रचिलत कानूनको पालना गर्नेछुः-**

१.१ नगरको बाल संरक्षण मापदण्ड, २०८३ लगायत बालबालिकाको अधिकार सम्बन्धी नीति, मूल्य मान्यता एवम् सिद्धान्तको पूर्ण पालना गरी मेरो व्यक्तिगत, पारिवारिक तथा पेशागत दायित्व उच्च व्यवसायिकताका साथ सम्पन्न गर्नेछु ।

१.२ प्रचलित कानून तथा नेपालले अनुमोदन गरेका अन्तराष्ट्रिय बाल अधिकार सम्बन्धी महासन्धिका सिद्धान्त तथा प्रावधान बमोजिम बाल अधिकारको संरक्षण, सम्मान, सम्बर्द्धन, प्रर्बद्धन, परिपूर्ति र परिपालना गर्नेछु ।

१.३ नगरपालिकाको बाल संरक्षण मापदण्ड, २०८३ बारे सहकर्मी, नगरपालिकासंग सम्वद्ध कार्यक्रमका सहभागी वयस्क तथा बालबालिकालाई जानकारी दिई बालबालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार बारे कुनै सरोकार भएमा नगरपालिका वा नेपाल प्रहरी तथा सम्बन्धीत निकायमा उजुरी/रिपोर्ट गर्न प्रोत्साहित गर्नेछु ।

१.४ नगरपालिकाको कार्यक्षेत्र, साझेदार निकाय वा संस्था तथा सेवा प्रदायकका कार्यक्षेत्रमा बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारबारे जानकारी पाएमा वा सोको जोखिम देखिएमा तत्काल नेपाल प्रहरी, स्थानीय बाल अधिकार समिति, बाल कल्याण अधिकारी, बाल हेल्पलाइन सेवा (निःशुल्क टेलिफोन नम्बर १०९८(दश, नौ, आठ)), बालबालिकाको खोजतलास सेवा (निःशुल्क टेलिफोन नम्बर १०४), राष्ट्रिय महिला आयोगको लैङ्गिक हिंसा विरुद्धको उजुरी नम्बर ११४५ आदि निःशुल्क नम्बर तथा निकायमा जानकारी दिनेछु ।

१.५ बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार गरिएको कुनै पनि उजुरी/रिपोर्टलाई गहन रूपमा लिनेछु र उजुरी/रिपोर्ट गर्ने व्यक्तिलाई सहयोग गर्नेछु र पालिकाको छानबिन प्रक्रियामा सघाउनेछु ।

१.६ बालबालिकाको अधिकार, हक हित, संरक्षण तथा जोखिम सम्बन्धी विषय खासगरी बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहार लगायतका हानि र जोखिमबाट पीडित तथा प्रभावित बालबालिकालाई उपलब्ध सेवाबारे आफूलाई थाहा भएको जानकारी बालबालिकाका, बाबुआमा वा अभिभावक वा संरक्षक वा समुदाय तथा विद्यालयलाई उपलब्ध गराउनेछु, दिनेछु ।

**२ बालबलिकासंग काम गर्दा र उनीहरूलाई सहभागी गराउँदा देहायका कार्य गर्नेछुः-**

२.१ बालबालिकासंग काम गर्दा उनीहरूमाथि भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण (बाल यौन दुर्व्यवहार तथा शोषण समेत), वेवास्ता लगायतका हानि हुन नदिनेगरी र त्यसबाट संरक्षण गर्ने गरी काम गर्नेछु।

२.२ बालबालिकालाई कुनै कार्यक्रममा सहभागी गराउँदा निज तथा निजका अभिभावकलाई त्यस्तो कार्यक्रमको उद्देश्य, विधि, उपयोगिता, सम्भावित जोखिम र त्यसलाई समाधान गर्न अवलम्बन गरिएको उपायबारे जानकारी गराइ सूसुचित सहमति लिनेछु ।

२.३ बालबालिका सहभागी हुने कार्यक्रमको आयोजना र सञ्चालन गर्दाः (अ) दिनको समयमा, (आ) उज्यालो स्थानमा, (इ) दुर्घटना तथा बालबालिका विरूद्ध हिंसा वा बाल यौन दुर्व्यवहारको जोखिम आङ्कलन गरी त्यसलाई रोक्ने व्यवस्था गरिएको यकीन गरेर मात्र सञ्चालन गर्नेछु ।

२.४ बालबालिकासंग व्यक्तिगत प्रकृतिको सूचना लिदा, घटना विवरण सङ्कलन गर्दा, अन्तर्वाता लिँदा, तस्वीर वा भिडियो खिच्दा तथा श्रव्यदृश्य सामग्री बनाउँदा बलबालिका स्वयम् वा निजको बाबुआमा, अभिभावकको सुसूचित तथा लिखित सहमति लिनेछु र त्यसरी सङ्कलित सूचना जानकारी तथा श्रव्यदृश्य सामग्री तोकिएको प्रयोजनमा मात्र प्रयोग गर्नेछु ।

२.५ बालबालिकालाई जिल्लाबाहिर लिदा वा रात बास बस्नुपर्ने गरी कुनै कार्यक्रममा सहभागी गराउँदा निजसंग समान लिङ्गिय वयस्क वा महिला संरक्षकको साथमा यात्रा गर्ने व्यवस्था मिलाउनेछु ।

**३ बालबालिकाविरूद्ध भेदभाव, हिंसा, दुर्व्यवहार (बाल यौन दुर्व्यवहार समेत), शोषण, बेवास्ता लगायतका हानि कहिल्यै गर्ने छैनः-**

३.१ बालबालिकालाई लिङ्ग, जातियता, रंग, शारीरिक तथा मानसिक अवस्था, परिवारको आर्थिक हैसियत वा अन्य कुनै पनि आधारमा भेदभाव गर्ने छैन ।

३.२ बालबालिकालाई गालीगलौज गर्ने, होच्याउने, हेप्ने, जिस्क्याउने, कुटपिट गर्ने, शारीरिक तथा मानसिक दुर्व्यवहार गर्ने वा दण्डसजाय दिने काम गर्ने छैन ।

३.३ बालबालिकासंग यौन आशय झल्कने, अनुपयुक्त, सताउने खालको र यौन उत्तेजनापूर्ण हाउभाउ, बोली, व्यवहार र कार्य गर्ने छैन ।

३.४ बालबालिकासंग कुनै प्रलोभन वा डरधाक धम्की दिई वा नदिई शारीरिक सम्बन्ध राख्न वा यौन सम्पर्क गर्ने छैन । बालबालिकाले स्वीकृति दिएको अवस्थामा पनि त्यो दण्डनीय अपराध हो भन्ने कुरामा म पूर्ण जानकार छु ।

३.५ एकाघर परिवार वा नजिकका नातेदार बाहेक नगरपालिकाको तर्फबाट आफूले काम गर्न

बालबालिकालाई खासगरी रात बास बस्नेगरी आफू बसेको ठाउँमा वा अन्यत्र कहीँ लाने काम गर्ने छैन ।

३.६ बालबालिकासंग एउटै कोठा तथा एउटै ओछ्यानमा साँगै सुत्ने छैन ।

३.७ बालबालिकालाई कानूनले निषेध गरेका श्रममा संलग्न गराउने तथा बालश्रम प्रयोग भएको जानीजानी कुनै पनि उत्पादन तथा सेवा प्रयोग गर्ने छैन ।

३.८ मनोविमर्श तथा स्वास्थ्य उपचारको लागि अत्यावश्यक भएकोमा बाहेक एक बालक वा बालिका र वयस्क मात्र भएको अवस्था सिर्जना हुनेगरी बालबालिकासंग काम गर्ने छैन ।

३.९ बालबालिकाको अगाडि कुनै किसिमको लागू पदार्थ, मद्यपान तथा धुम्रपान गर्ने छैन ।

३.१० बालबालिकाले गर्नसक्ने कानून विपरीतका काम, असुरक्षित काम, भेदभाव, हिंसा, दुर्व्यवहार तथा शोषणजन्य हुने काममा प्रोत्साहन गर्ने छैन, आफू त्यसमा सामेल हुने छैन र तिनलाई वेवास्ता गर्ने छैन।

३.११ नगरपालिका वा आफूले काम गर्ने संगठनको कम्प्युटर र अन्य उपकरणहरूमा अश्लील सामग्री हेर्ने, डाउनलोड गर्ने, सङ्ग्रह गर्ने तथा त्यस्ता सामग्री बनाउने वा वितरण गर्ने काम गर्ने छैन ।

३.१२ माथि उल्लिखित बाहेक बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६६ मा उल्लिखित गरिएका बालबालिका विरुद्ध हिंसा र बाल यौन दुर्व्यवहार गरेको मानिने कुनै पनि कार्य गर्ने छैन, जोकसैले यस्तो कार्य गरेको देखेमा वा पाएमा नजिकको प्रहरी कार्यालय र सम्बन्धीत बाल कल्याण अधिकारी समक्ष तुरुन्त उजुरी दिने वा जानकारी गराउने छु ।

**४ प्रचलित कानून बमोजिम हुनेछः-**

यस मापदण्ड र आचारसंहितामा स्पष्ट रूपमा उल्लिखत भएका बाल संरक्षण सम्बन्धी व्यवस्थाका अतिरिक्त अन्य मापदण्ड तथा आचारसंहिताको हकमा प्रचलित कानून, नीति, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बमोजिम हुनेछ । यस आचारसंहितामा लेखिएका सबै बुँदा पालना गर्न म प्रतिबद्ध छु भनी सहीछाप गरी एकप्रति नगरपालिकामा बुझाएँ र अर्को एक प्रति आफूसंग सुरक्षित रूपमा राखें ।

हस्ताक्षरः.....................................

नामथरः ....................................................

पद वा जिम्मेवारीः.........................................

कार्यरत निकाय वा संस्थाको नामः..................................

मितिः.............................................

आज्ञाले,

राममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

बुद्धिमान राजपत्र